# नौमूले गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
नौमूले, दैलेख
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या २०७९/०८०
च.न. ९२

मिति: २०७९।०४।०४

श्री वडा कार्यालय सवै ।

**विषय: सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण तथा लाभग्राही सूचीकरण सम्बन्धमा ।**

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको पत्र संख्या २०७९।०८०, चलानी नं. ९, मिति २०७९।०४।०१ को प्राप्त पत्रानुसार सामाजिक सुरक्षा नियमावली प्रथम संशोधन २०७६ को नियम (९) र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधी २०७७ को नियम (४) अनुसार सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरुले प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्र सम्बन्धित वडा कार्यालयमा आफै उपस्थित भइ सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउने व्यवस्था विदितै छ । सोही सम्बन्धमा आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम (१६) को उपनियम (१२) बमोजिम आ.ब. २०७८।७९ देखी नेपाल सरकारले त्रैमासिक बजेट निकासाको व्यवस्था गरेको हुदा सामाजिक सुरक्षा भत्ता समेत त्रैमासिक रुपमा वितरण गर्नु पर्ने भएकाले चालु आ.व. को पहिलो त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले सामाजिक सुरक्षा फवार्ड फिड ( लाभग्राही सूची ) तयार गरी सम्बन्धित वैंकमा पठाउनु अगावै अर्थात मिति २०७९ साल भाद्र मसान्त भित्र सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गरिसक्ने व्यवस्था मिलाउनहुन अनुरोध छ।

नेपाल सरकारको आर्थिक बर्ष २०७९।०८० को बजेट बक्तव्यमा ६८ बर्ष उमेर पुरा भएकालाई जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता दिने उल्लेख भएको र सोही बमोजिम हुने गरी सामाजिक सुरक्षा ऐन २०७५ मा संशोधन समेत भइसकेकाले ऐ ऐन २०७५ को दफा ( १२) सामाजिक सुरक्षा नियमावली २०७६ को नियम ( ५) बमोजिम त्यस्ता लाभग्राहीहरुको निवेदन प्राप्त गरी लाभग्राही सूचीकरण प्रक्रिया अगाडी बढाउनुहुन नियम अनुसार अनुरोध छ । साथै नागरिकता प्रमाण पत्रको सक्कलै हेरि परिचयपत्र नविकरण तथा नयाँ लाभग्राही सूचीकरण गर्न र नागरिकता प्रमाणपत्र माथी उल्लेखित जन्म मिति लगायतको विवरणमा कुनै अस्पष्टता भएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालय / इलाका प्रशासन कार्यालयबाट अभिलेख झिकाइ यथार्थ विवरण यकिन गर्न गराउनुहुन समेत अनुरोध गरिन्छ।

संलग्न गर्नुपर्ने कागजात:

१. अनुसूची २ बमोजिमको निवेदन,
२. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
३. १३ (तेह्र) अंक सहितको लाभग्राहीहरुको परिचयपत्रको प्रतिलिपी,
४. हालसालै खिचिएको पासपोर्ट साइजको २ प्रति फोटो,
५. बाल पोषण तथा अपाङ्ग भत्ताको हकमा जन्मदर्ता अपाङ्ग परिचयपत्रको प्रतिशिलि साथै संरक्षकको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी ,
६. विधवाको हकमा पतिको मृत्यु दर्ता प्रमाण पत्र र नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।

२०७९।४।४
..................
रेशम बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत

"सुशासन र पारदर्शिता, सुखी नौमूलेबासी हाम्रो प्रतिबद्धता"

अध्यक्षः 9848208916, उपाध्यक्षः 9848339549, प्रमुख प्रशासकीय अधिकृतः 9841051276,
प्रशासनः 9802545875/9848107670, आर्थिक प्रशासनः 9804545871
website: naumulemun.gov.np Email: naumulegapa@gmail.com